प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**कर्णाली प्रदेश कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

# डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ बिभिन्न कार्यक्रमहरूमा रिक्त रहेका सिट/कोटाहरूमा भर्नाका लागिनिवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मितिः २०७७|१०|२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरले मिति २०७७।०५।२६ गते र मिति २०७७।०६।१५ गते प्रकाशन गरेको डिप्लोमा तथा प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ आवेदन फाराम भर्ने सम्बन्धी सूचना अनुसार यस कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतलेमिति २०७७।०७।२६ गते स्वास्थ्य तर्फका कार्यक्रमहरूमा र मिति २०७७।०७।२८ गते स्वास्थ्य बाहेकका कार्यक्रमहरूमामुख्य उम्मेद्वारहरूलाई योग्यताक्रमानुसार शिक्षण संस्था समेत तोकी सिफारिश गरेको र मुख्य उम्मेद्वारहरू भर्ना हुन नगई रिक्तहुन आएका कोटा/सिटहरूमा वैकल्पिक उम्मेद्वारहरूलाई बिभिन्न मितिमा सूचना प्रकाशन गरी योग्यताक्रमानुसार सिफारिश गरेकोमा केही कार्यक्रमहरूमा हालसम्म पनि सिफारिश गरिएका उम्मेद्वारहरू भर्ना हुन नगई केही कोटा/सिटहरू रिक्त रहेको जानकारी प्राप्त भएकाले अन्तिम पटकका लागि वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको वैकल्पिक सूचीमा रहेकाउम्मेद्वारहरूलाई मिति २०७७।११।०४ गते कार्यालय समय भित्र तपसिलमा उल्लेखित कागजात सहितयस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । सम्बन्धित कार्यक्रमको सम्बन्धित वर्गका वैकल्पिक उम्मेद्वारहरू नभएको अवस्थामा अन्य कार्यक्रमबाट निवेदन दिने उम्मेद्वारहरू मध्येबाट योग्यताक्रमानुसार उम्मेद्वारहरू छनौट गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

१. वर्गीकृत निःशुल्क छात्रवृत्तिको प्रवेश पत्रको प्रतिलिपि
२. नतिजाको प्रति (आफ्नो नाम हाईलाईट गर्ने)

निर्देशक